नेपाल सरकार
शिक्षा मन्त्रालय
**इभेन्ट परियोजना**
बुद्धनगर, काठमाडौं

# मसलन्द तथा कार्यालय सामानको सप्लाइ गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७३/०३/२५

यस परियोजनालाई आ.ब. २०७३/०७४ को लागी आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामानहरू सप्लाइ गर्न इच्छुक फर्म/कम्पनीले देहाय बमोजिमको शर्तको अधिनमा रहि रितपुर्वकको बोलपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको स्टोर शाखाबाट रू. १०००/- (एक हजार) मात्र फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिने छ । अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन मध्यान्ह १२:०० बजे भित्र बोलपत्र फाराम मुल्य अंक र अक्षरमा प्रष्ट खोलि फर्मको नाम, छाप र अधिकारंवालाको सही सहित यस परियोजनामा दर्ता गराइ सक्नु पर्नेछ ।
३. दाखिला हुन आएका बोलपत्रहरू सूचना प्रकाशित भएको मितले ३१ औं दिन, मध्यान्ह १२:०० बजे परियोजनामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
४. बोलपत्रको मान्य अवधि ९० (नव्वे) दिनको हुनेछ । बोलपत्र साथ बोलपत्र जमानत रकम वापत रू. ८८०००/- (अठासि हजार) यस परीयोजनाको नाममा "क" वर्ग का वाणिज्य बैंकबाट जारी भएको बिडवण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालयको नेपाल राष्ट्र बैंक थापाथलि स्थित धरौटि खाता नं १२०१२००००१००२५२४ मा रकम दखिला गरेको सक्कल भैचर संलग्न हुनु पर्ने र त्यस्तो बोलपत्रको जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढि हुनु पर्नेछ ।
५. आपूर्तिकर्ताले बोलपत्रमा उल्लेख भए अनुसारको गुणास्तरयुक्त सामानहरू आपूर्ति गर्नु पर्नेछ । आपूर्ति गरेका सामानहरू गुणस्तरयुक्त भए/नभएको विज्ञबाट जाँच गराउन सकिने छ र जाँच गराउदा सो बमोजिम नभएमा फिर्ता लगी गुणस्तरयुक्त सामान उपलब्ध गराउनु पर्ने छ । परियोजनाले आवश्यकता अनुसार सामान घटी वा बढि पनि खरिद गर्न सक्ने छ ।
६. बोलपत्र पेश गर्न ईच्छुक रजिष्ट्रर्ड फर्म/कम्पनीले फर्म व्यावसाय दर्ता, मुल्य अभिवृद्धि कर, आयकर दर्ता प्रमाणपत्र र आ.ब. २०७१/०७२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ ।
७. बोलपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाजिएको र सम्बन्धित पेशा वा व्यावसय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पेश गर्नु पर्नेछ ।
८. बोलपत्र फाराम बुझाउदा सिलबन्दी गरी खामको बाहिर यस परियोजनाको नाममा "मसलन्द तथा कार्यालय सामानहरुको बोलपत्र" भनी स्पष्ट संग उल्लेख गर्नु पर्नेछ ।
९. सार्वजानिक खरीद ऐन २०६३ तथा सार्वजानिक खरीद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस परियोजनामा निहित रहनेछ ।
११. माथी उल्लेखित सर्तहरू बाँहेक अन्य कुराहरू प्रचलित कानून अनुसार हुनेछ ।
१२. यस सम्बन्धी थप कुराको जानकारीको आवश्यक परेमा कार्यालय खुलेको समय भित्र यस परियोजनामा सम्पर्क राख्न सकिनेछ ।
१३. यो सूचना परियोजनाको वेवसाईट www.event.gov.np मा हेर्न सकिनेछ ।